# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

**मिति : २०७६।०१।१७**

## प्रेस विज्ञप्ति

प्रत्येक वर्ष मे ३ का दिन विश्वभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै आएको छ । नेपालमा विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघले बैशाख २० गते (मे ३) का दिनमा 'लोकतन्त्र र शान्तिका लागि मिडिया: इन्टरनेटको युगमा पत्रकारिता र निर्वाचन' भन्ने नाराका साथ युनेस्कोको सहयोगमा विविध कार्यक्रम गरी विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै छ ।

साथै, विश्व प्रेस स्वतन्त्रता दिवसकै अवसर पारेर र नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि सञ्चालन गरेको दबाब अभियानको सन्दर्भ पारेर बैशाख १८ गते देशका सात वटै प्रदेशको राजधानी रहेका शहरमा महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा ऐक्यवद्धता ऱ्यालीको आयोजना गरेको छ ।

काठमाडौंमा नेपाल पत्रकार महासंघले **बैशाख १८ गते विहान ७:०० बजे बबरमहलस्थित जिल्ला अदालत अगाडि भेला भई नयाँबानेश्वर**सम्म ऐक्यवद्धता ऱ्याली गर्दैछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अघि बढाएको अभियानमा सहभागी भई ऐक्यवद्धता जनाइदिनुहुन सम्पूर्ण पत्रकार, पेशाकर्मी, नागरिक अधिकारकर्मी, राजनीतिक दल, बुद्धिजीवी, युवा, विद्यार्थीसहित श्रमजीवी साथीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**रमेश विष्ट**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org